सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१९४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५४९१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष १० ♦ अंक ९ ♦ २०८३ साल असोज २१ बुधवार ♦ 7 Oct 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## बजार अनुगमनमा ज्यादती भएको व्यवसायीको आरोप, जलेश्वर बजार बन्द

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
असोज २० गते, महोत्तरी




मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको नेतृत्वमा गरिएको बजार अनुगमनको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै जलेश्वरका व्यवसायीले बजार बन्द गरेका छन् ।

बजार अनुगमनका क्रममा व्यवसायीलाई त्रसित बनाउने, धम्की दिने तथा आवश्यक प्रक्रिया पूरा नगरी जरिवाना गरिएको आरोप लगाउँदै व्यवसायीहरूले विरोधस्वरूप बजार बन्द गरेका हुन् ।

व्यवसायीहरूले उपभोक्ताको हित, वस्तुको गुणस्तर तथा बजार नियमनका लागि नियमित अनुगमन आवश्यक भए पनि अनुगमनका नाममा व्यवसायीलाई आतंकित पार्ने तथा अपमानजनक व्यवहार गर्न नहुने बताएका छन् ।

अनुगमनका क्रममा अपनाइएको कार्यशैलीप्रति आपत्ति जनाउँदै जलेश्वर उद्योग वाणिज्य संघले व्यवसायीहरूसँग ऐक्यबद्धता जनाउँदै मधेश सरकारसमक्ष ज्ञापनपत्रसमेत बुझाएको छ । संघका अध्यक्ष शिवचन्द्र चौधरीको नेतृत्वमा गएको व्यवसायीहरूको टोलीले जिल्ला प्रशासन कार्यालय महोत्तरीमार्फत प्रदेश सरकार लाई ज्ञापनपत्र बुझाएको हो ।

अध्यक्ष चौधरीले जलेश्वरका व्यवसायीहरूले नेपाल सरकार ले निर्धारण गरेका कानुन तथा मापदण्डको पालना गर्दै व्यवसाय सञ्चालन गरिरहेको दाबी गर्नुभयो । तर, बजार अनुगमनका क्रममा व्यवसायीलाई त्रसित बनाउने र धम्की दिने शैली अपनाइएको भन्दै त्यसको विरोधमा बजार बन्द गर्नुपरेको उहाँले बताउनुभयो ।

संघका अनुसार अनुगमनका क्रममा सम्बन्धित वस्तुको गुणस्तर परीक्षण नगरी गुणस्तर हीन भन्दै केही सामान नष्ट गर्न लगाइएको, अनावश्यक रूपमा जरिवाना गरिएको तथा अनुगमनका क्रममा प्रश्न उठाउने वा आफ्नो कुरा राख्ने व्यवसायीलाई थुन्ने र मुद्दा चलाउनेसम्मको धम्की दिइएको आरोप छ ।

व्यवसायीहरूले कुनै वस्तुको गुणस्तरमाथि प्रश्न उठेमा सम्बन्धित प्राविधिक तथा प्रयोगशालामार्फत आवश्यक परीक्षण गरी त्यसको प्रतिवेदनका आधारमा मात्रै कारबाहीको प्रक्रिया अघि बढाउनुपर्ने माग गरेका छन् ।

उनीहरूले बजार अनुगमनलाई प्रतिशोध वा त्रास सिर्जना गर्ने माध्यम नभई उपभोक्ता हित संरक्षण, वस्तुको गुणस्तर कायम तथा व्यवसाय नियमनमा केन्द्रित गर्न प्रदेश सरकारसँग आग्रह गरेका छन् ।

संघले व्यवसायीमाथि भएको भनिएको ज्यादतीको विरोधमा आफूहरू एकताबद्ध रहेको जनाएको छ । माग सम्बोधन नभए चरणबद्ध रूपमा आन्दोलनका कार्यक्रम अघि बढाउने चेतावनीसमेत संघले दिएको छ ।

व्यवसायीहरूले बजार अनुगमनको प्रभावकारिता कायम राख्दै व्यवसायीको सम्मान, कानुनी प्रक्रिया र उपभोक्ताको अधिकारबीच सन्तुलन कायम गर्नुपर्नेमा जोड दिएका छन् ।

## विजया दशमीको उत्तम साइत १०:२६ बजे

खबर दर्पण समाचारदाता
असोज २० गते, बर्दिवास

यस वर्ष विजया दशमीको साइत कात्तिक ४ गते बुधबार बिहान १०:२६ बजे उत्तम रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।

त्यस दिन बिहान ०८:४९ बजे देवी विसर्जन गरी १०:२६ बजेको शुभ साइतमा मान्यजनबाट देवीको प्रसादका रूपमा टीका लगाउन सकिने समितिले जनाएको छ । पश्चिम मोहडा गरेर टीका लगाउनुपर्ने पनि समितिले जनाएको छ । अर्थात्, टीका लगाइ माग्ने मानिस पश्चिम फर्केर बस्नुपर्नेछ ।

विजया दशमीका दिन दिनभर टीका लगाउन सकिने भए पनि साइतमै टीका लगाउन चाहनेका लागि यो साइत दिइएको समितिका अध्यक्ष सह प्रा. डा. पुरुषोत्तम भट्टराईले जानकारी दिनुभयो ।

राज्य सञ्चालकले भने समितिले तोकेकै साइतमा मान्यजनबाट टीका, प्रसाद थाप्नुपर्ने उहाँले बताउनुभयो । देवीको प्रसादका रूपमा देशका धेरै भागमा कोजाग्रत पूर्णिमाका दिनसम्म मान्यजनबाट टीका र आशीर्वाद थाप्ने गरिन्छ । केही भागमा भने विजयादशमीका दिनमात्र देवीको प्रसादका रूपमा टीका थाप्ने गरिन्छ ।

नेपालमा राष्ट्रिय चाडका रूपमा दसैं मनाउने गरिन्छ । दसैंमा वातावरण नै उल्लासमय बन्छ । विभिन्न पेसा र व्यवसायका क्रममा थातथलोभन्दा टाढा टाढा रहेका नेपाली मान्यजनको आशीर्वाद थाप्न घर फर्कने गर्छन् । शरद ऋतुको उल्लासमय वातावरणमा मनाइने दसैंमा विशेषगरी नवदुर्गा भवानीको विशेष पूजा,आराधना गरिन्छ ।

### असोज २५ गते बिहान ११:४७ बजे घटस्थापनाको शुभ साइत

यस वर्ष असोज २५ गते आइतबारदेखि नवरात्रारम्भ हुँदैछ । नवरात्रको पहिलो दिन घटस्थापना गरिन्छ । घटस्थापनाका लागि बिहान ११:४७ बजेको साइत शुभ रहेको छ । यो दिन चित्रा नक्षत्र र वैधृति योगसमेत परेकाले घटस्थापना गर्नुअघि चित्रा नक्षत्र र वैधृति योगका शान्ति गर्नुपर्ने उहाँले बताउनुभयो ।

असोज २६ गते झण्डा फेर्ने साइत १०:०७ बजे उत्तम रहेको समितिले जनाएको छ । झण्डा फेर्दा पश्चिम मोहडा गरेर फेर्नुपर्ने पनि उहाँले सुनाउनुभयो । असोज २९ गते बिहीबार पचलीभैरव यात्रा हुने भएको छ । असोज ३१ गते शनिबार फूलपाती पर्व परेको छ । यसै दिन बिहान ०७:३७ बजे तुलजा भवानी यात्राको साइत जुरेको छ । तुलजा भवानीलाई स्थिरासनमा राख्ने साइत बिहान १०:३९ बजेको छ ।

कात्तिक १ गते आइतबार महाअष्टमी पर्व परेको छ । यसै दिन राति भने कालरात्रि पर्व मनाइन्छ । कात्तिक २ गते सोमबार पनि अष्टमी तिथि नै परेको छ । कात्तिक ३ गते मङ्गलबार महानवमी पर्व परेको छ । कात्तिक ४ गते बुधबार विजयादशमी पर्व परेको छ । नेपालीको महान् पर्व बडादशैंको यो मुख्य दिन हो ।

यस दिन देवी विसर्जनको साइत बिहान ०८:४९ बजे रहेको समितिले जनाएको छ । बिहान ०८:४९ बजे देवी विसर्जन गरी साइतमा टीका लगाउनेका लागि बिहान १०:२६ बजेको साइत उत्तम रहेको छ ।

यस दिन बिहान १०:५१ बजे तुलजा भवानी यात्राको साइत छ । तुलजा भवानीलाई स्थिरासनमा राख्ने साइत भने ११:५२ बजे रहेको समितिले जनाएको छ । खड्गयात्रा पनि यसै दिन परेको छ ।

कात्तिक ८ गते आइतबार सबै बलिपूर्ति गर्नुपर्नेछ । कात्तिक ८ गते आइतबार कोजाग्रतव्रत र पूर्णिमा व्रत परेको छ । यस दिन बेलुकी घर घरमा धनधान्यकी देवी महालक्ष्मीको पूजा आराधना गरेपछि १५ दिन लामो दुर्गा पक्ष अर्थात् दसैं पर्व समापन हुन्छ । कात्तिक ९ गते सोमबार कोजाग्रत पूर्णिमा परेको पनि समितिले जनाएको छ ।



बडा दसैंका अवसरमा बजार पसलमा पनि भीड हुने गर्छ । राम्रो लगाउने र मीठो खाने पर्वका रूपमा पनि यसलाई उल्लासमय वातावरणमा मनाइन्छ । दसैं नजिकिएसँगै बजारमा भीड बढ्न थालेको छ । दशैंमा सहुलियत मूल्यमा खाद्यपदार्थ बिक्री वितरणका लागि सरकारले सुपथ मूल्य पसल पनि सञ्चालन गर्दै आएको छ ।

दसैंमा विशेषगरी बालबालिकाले पिङ खेल्ने, चङ्गा उडाउने गर्छन् । दसैं पर्व बालबालिकाकै लागि हो भन्ने उखान पनि नेपाली समाजमा रहेको छ । बालबालिकाले रमाइलो गर्ने यो पर्वलाई प्रौढले भने देवीको पूजा, उपासना गरी मनाउँछन् ।

पर्वका अवसरमा देशभरका शक्तिपीठमा भक्तजनको विशेष उपस्थिति रहन्छ । शक्तिपीठमा बलिसहित पूजा गर्ने भक्तजनको पनि बाक्लो उपस्थिति रहन्छ । रासस

# थमन विक हत्या मुद्दा : निलम्बित सांसद अभिराम शर्माद्वारा निलम्बन फुकुवाको माग



खबर दर्पण समाचारदाता

**असोज २० गते, बर्दिबास**

थमन विक हत्या प्रकरणमा निलम्बनमा रहनुभएका मधेस प्रदेशसभा सदस्य अभिराम शर्माले आफ्नो निलम्बन फुकुवा गर्न माग गर्दै प्रदेशसभा सचिवालयमा निवेदन दर्ता गराउनुभएको छ।

महोत्तरी निर्वाचन क्षेत्र नं. ३(क) बाट निर्वाचित सांसद शर्माले आफूविरुद्धको मुद्दा सर्वोच्च अदालतमा पुनरावेदनको क्रममा रहेको र सर्वोच्च अदालतले आफूलाई साधारण तारिखमा राख्ने आदेश दिएको आधार प्रस्तुत गर्दै निलम्बन फुकुवाको प्रक्रिया अघि बढाउन माग गर्नुभएको हो।

शर्माले मधेस प्रदेशसभा सञ्चालनसम्बन्धी नियमावलीमा रहेको व्यवस्थालाई आधार बनाउँदै आफ्नो निलम्बन फुकुवाका लागि निवेदन दिनुभएको जनाइएको छ। उहाँको निवेदनमाथि प्रदेशसभा सचिवालयले प्रचलित कानुन तथा प्रदेशसभा नियमावलीका आधारमा आवश्यक प्रक्रिया अघि बढाउने बताइएको छ।

मधेस आन्दोलनका क्रममा २०७२ भदौ २५ गते महोत्तरीको जलेश्वरमा सशस्त्र प्रहरीका असई थमन विकको मृत्यु भएको घटनासम्बन्धी मुद्दामा महोत्तरी जिल्ला अदालतले २०८० मंसिर २८ गते अभिराम शर्मासहित सात जनालाई जन्मकैदको सजाय सुनाएको थियो। सोही फैसलाका आधारमा २०८१ वैशाखमा शर्मा प्रदेशसभा सदस्यबाट निलम्बित हुनुभएको थियो।

जिल्ला अदालतको फैसलाविरुद्ध परेको पुनरावेदनमा उच्च अदालत जनकपुरले २०८३ असारमा फैसला गर्दै शर्माको जन्मकैदको सजाय घटाएर पाँच वर्ष कायम गरेको थियो। उच्च अदालतले शर्मासहित धर्मेन्द्र राय, रामशङ्कर मिश्र र सुरेश पाण्डेलाई जनही पाँच वर्ष कैद सजाय सुनाएको थियो। त्यस्तै, लक्ष्मी महतो कोइरी र पवन कापरलाई पनि पाँच वर्ष कैद सजाय तोकिएको थियो। तीन जना प्रतिवादीको हकमा भने जिल्ला अदालतले सुनाएको जन्मकैदको फैसला सदर गरिएको थियो।

उच्च अदालतको फैसलामा शर्मा लगायत केही प्रतिवादीले थमन विकमाथि प्रत्यक्ष प्रहार गरेको वस्तुनिष्ठ प्रमाण नदेखिएको उल्लेख भए पनि अन्य प्रतिवादीको बयान तथा उपलब्ध प्रमाणका आधारमा उनीहरूलाई ज्यानसम्बन्धी कसुरमा दोषी ठहर गरिएको थियो।

उच्च अदालतको फैसलापछि शर्मासहितका प्रतिवादी सर्वोच्च अदालत पुगेका छन्। पछिल्लो कानुनी प्रक्रियामा शर्मा स्वयं सर्वोच्च अदालतमा उपस्थित भई सजायबापत धरौटी बुझाएर मुद्दाको प्रक्रिया अघि बढाउनुभएको र सर्वोच्चले उहाँलाई साधारण तारिखमा राख्ने आदेश दिएको सार्वजनिक विवरणमा उल्लेख छ।

यही आदेशलाई आधार बनाउँदै शर्माले प्रदेशसभा सचिवालयमा निलम्बन फुकुवाको माग गर्नुभएको हो। तर सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेकै अवस्थामा प्रदेशसभा सदस्यको निलम्बन स्वतः फुकुवा हुने वा नहुने विषयमा प्रदेशसभा नियमावली तथा सम्बन्धित कानुनी व्यवस्थाको व्याख्या आवश्यक पर्ने देखिन्छ।

मधेस प्रदेशमा हाल मधेस प्रदेश सभा नियमावली, २०८२ लागू रहेको छ। प्रदेश सरकारको आधिकारिक कानुनी स्रोतमा उक्त नियमावली प्रकाशित रहेको छ।

थमन विक हत्या प्रकरण मधेस आन्दोलनसँग जोडिएको लामो समयदेखि चर्चित न्यायिक विषय हो। घटनापछि विभिन्न तहका अदालतमा मुद्दा अघि बढ्दै आएको छ। जिल्ला अदालतको फैसलापछि शर्माको प्रदेशसभा सदस्य पद निलम्बन भएको थियो भने उच्च अदालतको फैसलाले उहाँको सजाय जन्मकैदबाट पाँच वर्षमा झारेको छ।

शर्माले आफू मधेस आन्दोलनको राजनीतिक नेतृत्व गरेका कारण राजनीतिक पूर्वाग्रहका आधारमा मुद्दामा फसाइएको दाबी गर्दै आउनुभएको छ। उहाँले आफू न्यायिक प्रक्रियाबाट नभागेको र अदालतबाट अन्ततः सत्य स्थापित हुने विश्वास व्यक्त गर्दै आउनुभएको छ।

दुई पटक प्रदेशसभा सदस्यमा निर्वाचित शर्मा यसअघि मधेस प्रदेश सरकारको सामाजिक विकास राज्यमन्त्रीसमेत बन्नुभएको थियो। उहाँ लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका संसदीय दलका नेताको भूमिकामा समेत रहनुभएको थियो।

अब शर्माले दर्ता गराउनुभएको निलम्बन फुकुवासम्बन्धी निवेदनमा प्रदेशसभा सचिवालयले कुन कानुनी आधारमा निर्णय गर्छ भन्ने विषय चासोको विषय बनेको छ। सर्वोच्च अदालतमा मुद्दाको अन्तिम टुंगो नलागिसकेको अवस्थामा प्रदेशसभा सचिवालयको निर्णयले शर्माको राजनीतिक तथा संसदीय भूमिकामा प्रत्यक्ष प्रभाव पार्ने देखिन्छ।

व्यक्तिगत घटना दर्ता व्यक्तिको कानूनी पहिचान र सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार भएकोले घटना घटेको पैंतिस दिन भित्र सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गई निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गराऔं ।

साथै, व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा उल्लेखित नाम,थर, उमेर वा अन्य विवरण त्रुटी भएको वा फरम परेको भएमा एक पटक सच्याउन सकिने कानूनी व्यवस्था रहेको हुँदा सम्बन्धित व्यक्तिले स्थानीय पञ्चिकाधिकारीको कार्यालयमा गई नियमानुसार विवरण सच्याउन सूचित गरिन्छ ।

**गौशला नगरपालिका**
**महोत्तरी**

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिबास

| | |
|---|---|
| बर्दिबास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाफिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# कमला नदीको पुल निर्माण अन्तिम चरणमा, मंसिरदेखि सञ्चालनमा ल्याइने

**खबर दर्पण समाचारदाता**

**असोज २० गते, बर्दिबास**



पूर्व-पश्चिम हुलाकी राजमार्गअन्तर्गत धनुषा र सिरहा जिल्ला जोड्ने कमला नदीको पुल निर्माण अन्तिम चरणमा पुगेको छ।

निर्माणाधीन पुललाई आगामी मंसिर महिनादेखि सञ्चालनमा ल्याउने गरी काम तीव्र पारिएको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामले जनाएको छ।

कार्यालय प्रमुख कृष्णकुमार महतोका अनुसार पुलको १० नम्बर पिलर उठाउने काम सम्पन्न भइसकेको छ भने सुपर ढलान भइरहेको छ । पुलको फाउण्डेसनसहित तीनवटा पिलरको सबलीकरण तथा ढलानसमेत अन्तिम चरणमा पुगेको उनले जानकारी दिए ।

विसं २०७८ असारमा उद्घाटनको तयारी भइरहेका बेला आएको बाढीले पुलको पिलर भाँचिएपछि पुल जीर्ण अवस्थामा पुगेको थियो। पुल पुनःनिर्माणमा ढिलाइ हुँदा स्थानीयवासीले लामो समयदेखि खोला तर्न डुङ्गाको सहारा लिनुपरेको थियो ।

पुल निर्माणमा देखिएका मुख्य समस्या पहिचान गरी आवश्यक सहजीकरण गरेपछि कामले तीव्रता पाएको प्रमुख महतोले बताए। पुलका दुवैतर्फ पुलसम्म पुग्ने सडकमा माटो भर्ने काम सम्पन्न भएपछि मंसिरदेखि पुल सञ्चालनमा ल्याउने तयारी भइरहेको उनको भनाइ छ।

कमला पुल निर्माणको ठेक्का विसं २०६८ मा पप्पु-लुम्बिनी जेभीले पाएको थियो । सोही निर्माण कम्पनीले अहिले पुलको पुनःनिर्माणको काम गरिरहेको छ । यसैबिच हुलाकी सडकअन्तर्गत सिरहादेखि सलार्हीसम्मको ४०६ दशमलव ४३ किलोमिटर सडकखण्डमध्ये हालसम्म ३४७ दशमलव ६३ किलोमिटर सडकमा कालोपत्र सम्पन्न भएको छ । उक्त सडकखण्डमा पर्ने २४ वटा पुलको निर्माणसमेत सम्पन्न भइसकेको छ ।

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामका सूचना अधिकारी रञ्जितकुमार रायका अनुसार सिरहामा कूल ५७ दशमलव ५२ किलोमिटर सडकखण्डमध्ये २९ दशमलव ९८ किलोमिटर सडक निर्माण सम्पन्न भएको छ भने २७ दशमलव ४६ किलोमिटर सडक निर्माणाधीन छ।

त्यस्तै धनुषामा कूल ८९ दशमलव ५२ किलोमिटरमध्ये ७४ दशमलव ५८ किलोमिटर सडक निर्माण सम्पन्न भएको र १४ दशमलव ९४ किलोमिटर निर्माणाधीन रहेको छ।

महोत्तरीमा कुल ९३ दशमलव ५ किलोमिटरमध्ये ९१ दशमलव ५६ किलोमिटर सडक निर्माण सम्पन्न भइसकेको छ भने एक दशमलव ९४ किलोमिटर बाँकी छ ।

सर्लाहीमा कूल १६६ दशमलव २ किलोमिटर सडकखण्डमध्ये १५१ दशमलव ५१ किलोमिटर सडक निर्माण सम्पन्न भएको र १४ दशमलव ५१ किलोमिटर सडक निर्माणाधीन रहेको सूचना अधिकारी रायले जानकारी दिए।

आर्थिक वर्ष २०८२/८३ भित्रै हुलाकी सडक निर्माण सम्पन्न गर्ने लक्ष्य रहे पनि राजमार्गभित्र परेका घरटहरा हटाउन ढिलाइ, विभिन्न स्थानमा जग्गासम्बन्धी विवादलगायत कारणले केही काम प्रभावित भएको कार्यालय प्रमुख महतोले बताए। बाँकी काम समयमै सम्पन्न गर्न निरन्तर प्रयास भइरहेको उनको भनाइ छ।

नेपालकै पुराना राजमार्गमध्ये एक मानिने पूर्व-पश्चिम हुलाकी सडकअन्तर्गत मधेस प्रदेशका आठवटै जिल्लामा सडक तथा पुल निर्माण तीव्र रूपमा अघि बढेपछि विगतमा दुर्गम मानिएका ग्रामीण क्षेत्र अहिले क्रमशः सहज सडक सञ्जालसँग जोडिँदै गएका छन्।

हुलाकी सडक निर्माणले स्थानीय बासिन्दाको आवागमन सहज हुनुका साथै मधेस प्रदेशको आर्थिक गतिविधि र विकासले गति लिने तथा हजारौँ युवाका लागि रोजगारीका अवसर सिर्जना हुने अपेक्षा गरिएको छ।

व्यक्तिगत घटना दर्ता व्यक्तिको कानूनी पहिचान र सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार भएकोले घटना घटेको पैंतिस दिन भित्र सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गई निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गराऔं ।
साथै, व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा उल्लेखित नाम,थर, उमेर वा अन्य विवरण त्रुटी भएको वा फरम परेको भएमा एक पटक सच्याउन सकिने कानूनी व्यवस्था रहेको हुँदा सम्बन्धित व्यक्तिले स्थानीय पञ्चिकाधिकारीको कार्यालयमा गई नियमानुसार विवरण सच्याउन सूचित गरिन्छ ।

अनुरोधकर्ता :

**औरही नगरपालिका**

**महोत्तरी**

**मधेश प्रदेश**

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् ।**
"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"
**सवारी साधनमा सीट बेल्ट लगाउनुहोस् ।**
"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"



# अचेत भेटिएका पुरुषको उपचारका क्रममा मृत्यु

**खबर दर्पण समाचारदाता**
**असोज २० गते, बर्दिवास**

मधेश प्रदेशको राजधानी जनकपुरधाम उपमहानगर पालिका-८ स्थित रामानन्द चोकमा अचेत अवस्थामा फेला परेका एक पुरुषको उपचारका क्रममा मृत्यु भएको छ।

रामानन्द चौकमा मङ्गलबार दिउँसो पौने १२ बजेको समयमा चोकमा लडेको अवस्थामा फेला परेको पुरुषको उपचारको क्रममा मृत्यु भएको हो। धनुषा जिल्ला प्रहरीका अनुसार नाम, थर र वतन नखुलेका अन्दाजी ३५ र ३६ वर्षीय पुरुषलाई अचेत अवस्थामा फेला पारिएको थियो। उहाँलाई तत्काल उपचार का लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएकोमा अस्पतालका चिकित्सकले दिउँसो १२ बजे मृत घोषणा गर्नुभएको थियो । मृतकको पहिचान खुल्न नसकेको प्रहरीले जनाएको छ।

मृतकको वर्ण गहुँगोरो, उचाइ करिब ५ फिट ७ इन्च, कालो कपाल रहेको तथा रातो भेस्ट र जिन्सको पाइन्ट लगाएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ। प्रहरीले मृतकको फोटो तथा हुलियाका आधारमा पहिचान गर्ने व्यक्तिलाई नजिकको प्रहरी कार्यालय वा सम्बन्धित प्रहरी कार्यालयमा जानकारी गराउन अनुरोध समेत गरेको छ।

# जनकपुरमा एक पुरुषको शव फेला

**खबर दर्पण समाचारदाता**
**असोज २० गते, बर्दिवास**

धनुषाको जनकपुरधाम उपमहानगरपालिका-८ स्थित दशरथ तलाउमा एक पुरुषको शव फेला परेको छ ।

मंगलबार बिहान दशरथ मन्दिर अघि पहिचान खुल्न नसकेको अन्दाजी ५५ वर्षीय एक पुरुष शव फेला परेको हो । मृतकको हालसम्म पहिचान भएको छैन ।

प्रहरीका अनुसार पोखरीबाट निकालिएको शव परीक्षणका लागि प्रादेशिक अस्पताल पठाइएको छ ।

धनुषाका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालका अनुसार प्रारम्भिक अनुसन्धानका क्रममा मृतक अघिल्लो दिन नै पोखरीमा डुबेको हुन सक्ने आशङ्का गरिएको छ ।

स्थानीयले बिहान करिब पौने १० बजेतिर पोखरीमा एक पुरुष तैरिएको खबर गरेपछि प्रहरी घटनास्थल पुगेको उहाँले जानकारी दिनुभयो । प्रहरीले शव पोखरीबाट निकालेर आवश्यक प्रक्रिया पूरा गरी प्रादेशिक अस्पताल पठाएको उहाँले जानकारी दिनुभयो ।

घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी प्रवक्ता खनालले जानकारी दिनुभयो।


# झाडापखाला, हैजा र डेंगीबाट बचौं

अविरल भइरहेको वर्षाले झाडापखला, हैजा र डेंगीको खतरा बढेको छ । तसर्थ, झाडापखला र हैजाबाट बच्न:

- सधैं पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं,
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई) मा ध्यान दिऔं
- बासी सढेगलेका खानेकुरा नखाऔं,
- खानालाई छोपेर राखौं,
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यान पुर्याऔं



साथै खुल्ला रुपमा दिसापिसाब नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचि मिचि हात धोऔं ।

साथै एडीस जातका लामखुट्टेको (कालो-सेतो छिर्केमिर्के देखिने) टोकाईबाट सर्ने डेंगी रोगबाट बच्न:

- आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फूल पार्ने भएको हुँदा पानी जम्न नदिऔं
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं,
- जुनसुकै बेला सुत्दा झुलको प्रयोग गरौं,
- पुरै शरिर ढाक्ने लुगा लगाऔं र सचेत रहौं।



साथै खाद्यान्न तथा खानेपानी वितरक सम्पुर्ण सरोकारवाला निकाय तथा व्यवसायीहरुलाई सचेत रहन अनुरोध गर्दछौं ।

स्वास्थ्य कार्यालय, महोत्तरी
जलेश्वर


# मधेशका पत्रकारलाई नेपाली सेनाको ‘रक्षा संवाददाता’ अभिमुखीकरण

**खबर दर्पण समाचारदाता**
**असोज २० गते, बर्दिवास**



नेपाली सेना र सञ्चार माध्यमबीचको समन्वय, सहकार्य तथा आपसी समझदारी थप सुदृढ बनाउने उद्देश्यले मधेश प्रदेशका पत्रकार का लागि चारदिने ‘रक्षा संवाददाता अभिमुखीकरण कार्यक्रम’ सुरु भएको छ ।

श्री मध्यपूर्वी पृतना हेडक्वार्टर बर्दिबासको आयोजनामा सुरु भएको कार्यक्रममा मधेश प्रदेशका विभिन्न सञ्चार माध्यममा कार्यरत २१ जना सञ्चारकर्मी सहभागी छन् । कार्यक्रमको शुभारम्भ मध्यपूर्वी पृतनाका पृतनापति भुवन केसीले गरेका हुन् ।

अभिमुखीकरणमा सहभागी पत्रकारलाई नेपाली सेनाको संगठनात्मक संरचना, जिम्मेवारी, भूमिका तथा विभिन्न गतिविधिबारे जानकारी गराइनेछ ।

सेनासम्बन्धी समाचार संकलन तथा सम्प्रेषणका क्रममा आवश्यक तथ्य, सूचना र विषयवस्तुलाई सहज तथा जिम्मेवार ढंगले प्रस्तुत गर्न कार्यक्रम केन्द्रित रहने जनाइएको छ ।

कार्यक्रम संयोजक प्रमुख सेनानी प्रतिभा थापाका अनुसार नेपाली सेना र पत्रकारबीचको समन्वय तथा आपसी समझदारीलाई थप प्रभावकारी बनाउन अभिमुखीकरण आयोजना गरिएको हो ।

चारदिने कार्यक्रममा सेनाको कार्यक्षेत्र र जिम्मेवारीसँगै विपद् व्यवस्थापन तथा प्रतिक्रिया, समसामयिक विषय र संकटका समयमा सञ्चारमाध्यमको भूमिकालगायत विषयमा प्रस्तुतीकरण तथा अन्तरक्रिया गरिनेछ ।

अभिमुखीकरणले सुरक्षा निकायका गतिविधि र जिम्मेवारीबारे सञ्चारकर्मीलाई प्रत्यक्ष जानकारी गराउनुका साथै विपद् तथा संकटका समयमा तथ्यमा आधारित र जिम्मेवार समाचार सम्प्रेषणमा सहयोग पुग्ने विश्वास गरिएको छ ।


नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७५।०१।१२ मा दर्ता भएको प्रा.लि.नं.१८८२९५ भएको भैरवी क्रशर (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०५।०५ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।



## सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारविरूद्ध उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

मटिहानी नगरपालिका, महोत्तरी


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव ‘यदुवंशी’ (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,